# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बनेपा-१०, काभ्रेपलाञ्चोक


प.स.०८१/८२ मिति : २०८१/०८/२७

च.न. १५६४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

**विषय : एघारौं बार्षिक साधारण सभाको माइन्युट पेश गरिएको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको एघारौं बार्षिक साधारण सभा मिति २०८१/०८/२४ गते सोमबारको दिन अरनिको पार्टी प्यालेस बनेपा ५ काभ्रेपलाञ्चोकमा सम्पन्न भएको ब्यहोरा जानकारी गराउदैं उक्त सभाको निर्णयहरुको विवरण सहितको माइन्युट पेश गरिएको ब्यहोरा अनुरोध छ ।

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।
३. श्री सिडिएस एण्ड क्लिएरिङ्ग लिमिटेड, पुतलिसडक काठमाडौं ।

भवदीय,

..................

(राम बहादुर यादव )

प्रमुख कार्यकारी अधिकृत

## नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु:

### दर्ता नं. ११७१०६/०७०/०७१

### कार्यक्रमको रुपरेखा

### कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको बैधानिकता र साधारण सभा सम्बन्धी भएगरेका काम कारबाही तथा प्रस्ताव सम्बन्धी जानकारी ।
४) सभाको उदघाटन ।
५) सभा अध्यक्षज्युद्वारा वार्षिक प्रतिवेदन प्रस्तुति ।
६) प्रतिवेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम ।
७) शेयरधनीहरुवाट आएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ ।
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०८/०२ गते बसेको सञ्चालक समितिको १८० औं बैठकले संस्थाको एघारौं बार्षिक साधारणसभा मिति २०८१/०८/२४ गते सोमबार (तदनुसार ९ डिसेम्बर, २०२४) काभ्रेपलाञ्चोक जिल्लाको अरनिको पार्टी प्यालेस बनेपा ५ मा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूको सभापतित्वमा निम्न मिति, समय तथा स्थानमा उल्लेखित विषयहरू उपर छलफल र निर्णयहरु गरी एघारौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. साधारण सभाको मिति, समय र स्थान :-**

मिति: २०८१/०८/२४ गते सोमबार (तदनुसार ९ डिसेम्बर, २०२४)
समय: विहान ११:०० बजे ।
स्थान: अरनिको पार्टी प्यालेस बनेपा नगरपालिका वडा नं.५काभ्रेपलाञ्चोक ।

## ३. साधारण सभाको सूचना :-

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको एघारौं बार्षिक साधारण सभा बारेको सार्वजनिक सूचना मिति २०८१/०८/०३ गते र मिति २०८१/०८/११ को क्रमश: अभियान राष्ट्रिय दैनिक तथा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको इमेल ठेगानामा साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा संस्थाको आ.व.२०८०/८१ को बार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो ।

## ४. उपस्थिति

**क) सञ्चालक समितिका पदाधिकारीहरु:**

१) अध्यक्ष : श्री केशवप्रसाद आचार्य
२) सञ्चालक : श्री रबिन सिजापती
३) सञ्चालक : श्री क्षितिज खड्का
४) सञ्चालक : श्री प्रदित कुमार रेग्मी
५) सञ्चालक : श्री नरेन्द्र प्रसाद छत्कुली
६) सञ्चालक : श्री राम कुमार तिमल्सिना
७) सञ्चालक : श्री जमुना श्रेष्ठ

**ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव

**ग) शेयरधनीहरुको उपस्थिति**

१) स्वयं उपस्थिती १०५ जना
२) प्रतिनिधि मार्फत उपस्थिती २४१ जना

## ५. सभामा प्रस्तुत छलफलका विषयहरू :-

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस वित्तीय संस्थाको आ.व.२०८१/८२ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (यस अघि नियुक्त लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेण्टस् पुनः नियुक्तिको लागि ग्राह्य हुनुहुन्छ)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५/९९ (अक्षरेपि एक अर्व सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.८७,४१,४१२/६४ (अक्षरेपि सतासी लाख एकचालीस हजार चार सय बाह्र पैसा चौसट्ठी मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. आ.व.२०८०/८१ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५/९९ ( अक्षरेपि एक अर्व सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को १४.२५(चौध दशमलव दुइ पाँच) प्रतिशतले हुन आउने रु.१६,६०,८६,८४०/२५(अक्षरेपि सोह्र करोड साठी लाख छ्यासी हजार आठ सय चालीस पैसा पच्चिस मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,३३,१६,०८,५२६/२४ (अक्षरेपि एक अर्व तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस पैसा चौबिस मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमश ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अघि दशौं बार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल सो (FPO) स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८०/८१ को वोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुंजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात मिलान गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको

७,६५,३७७.६४ (सात लाख पैसट्ठी हजार तीन सय सतहत्तर दशमलव छ चार) कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायहरुबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. प्रवन्धपत्रको दफा २(१), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ र नियम ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरुमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने ।

**(ग) विविध ।**

विविध प्रस्ताव अन्तर्गत छलफलका लागि कुनैपनि प्रस्ताव नभएको व्यहोरा जानकारी गराउँदछु ।

**६. गणपूरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारी:**

लेखापरीक्षकवाट आर्थिक बर्ष २०८०/८१ मा भएको कारोबारको लेखापरीक्षण गराई सो प्रतिवेदनलाई नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०७/३० मा वित्तीय विवरण प्रकाशन तथा चुक्ता पुंजीको १४.७५ प्रतिशत वोनश तथा ०.७५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गर्नको लागि स्वीकृत भएको ।

कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदन बार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार उक्त सम्पूर्ण कार्य पुरा भैसकेको छ ।

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान वमोजिम वार्षिक साधारण सभामा छलफल हुने विषयहरु एबं प्रस्तावहरु सहितको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महाँनुभाबहरुको घर, ठेगानामा पठाउनुको साथै मिति २०८१/०८/०३ गते र मिति २०८१/०८/११ को क्रमश: अभियान राष्ट्रिय दैनिक तथा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा एघारौं बार्षिक साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराईएको थियो । त्यसका साथै शेयरधनी विवरणमा उपलब्ध रहेको शेयरधनीहरुको मोबाइल नंम्बरमा

साधारण सभा हुने बारेको जानकारी सहितको म्यासेज (एस एम एस) तथा इमेल ठेगानामा बार्षिक प्रतिवेदन समेत संलग्न गरि जानकारी पठाइएको थियो ।

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १,१६,५५,२१७.८६ | ३७,९५,५०८.७३ | २७,५९,९१८.२९ | ६५,५५,४२७ | ५६.२४ |
| शेयरधनी संख्या | ४६,०२६ | १०५ | २४१ | ३४६ | ०.७६ |

## ७. सभाको कारबाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिवले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ५६.२४ प्रतिशत र शेयरधनीको स्वयंम् उपस्थिति १०५ जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै संस्थाको भाबी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

## ८. सभा अध्यक्षको आसन ग्रहण :-

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्षले गर्ने प्रावधान भए अनुरुप यस नेशनल लघुवित्त वित्तीय संस्था लिमिटडेको सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

## ९. उद्घाटन तथा ब्याच वितरण:-

आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगाएर स्वागत गर्नुका साथै सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी एघारौं बार्षिक साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

१०. <u>एघारौं बार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-</u>

सभाध्यक्षज्यूले सभा समक्ष प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन शेयरधनीहरुको हात हातमा परि सकेकोले उक्त प्रतिवेदन आफुले पुनरवाचन नगरी सो प्रतिवेदनमा कुनै जिज्ञासा, सुझाव, कैफियत भए सो को सहर्ष ग्रहण गरी जवाफ दिने व्यहोरा जानकारी गराउँदै संक्षिप्तमा हाल लघुवित्त क्षेत्रमा देखा परेको चुनौती, अवसर, संस्थाको व्यवसाय विस्तारको अवस्था, संस्थाको हाल सम्मको प्रगति तथा भावी रणनीति आदि विषयहरु समेटीएको संस्थाको आ.व २०८०/८१ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मन्तव्यको क्रममा उहाँले संस्थाले व्यवसायिक उद्देश्य प्राप्तिका साथ साथै सामाजिक उत्तरदायित्व समेत वहन गर्नको लागि विभिन्न सामाजिक कार्यहरु समेत सम्पन्न गरेको बारे चर्चा गर्नु भयो । त्यसैगरी संस्थाले आउँदा दिनहरुमा प्रभावकारी रुपमा सेवा प्रवाह गर्नका निमित्त आधुनिक प्रविधीको अधिकतम प्रयोग गरी गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने तर्फ थप ध्यान पुऱ्याउने बारे जानकारी गराउनु भयो ।

अन्त्यमा, वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो ।

११. <u>छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-</u>

सभाध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आ.व.२०८०/८१ को बार्षिक प्रतिवेदन तथा शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको आ.व.२०८०/८१ को वित्तीय विवरणमा कुनै प्रतिकृया, राय, सुझाव तथा जिज्ञासा भए राख्नको लागि शेयरधनी महानुभावहरुलाइ अनुरोध गरिएकोमा देहाय बमोजिम १४ जना शेयरधनी महानुभावहरुले राय, सुझाव सहित आफ्नो मन्तब्य राख्नुभएको थियो ।

१) <u>श्री जगन्नाथ आचार्य :</u>

एघारौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई ज्ञापन गर्दै संस्थाले FPO जारी गर्न लागेकोमा खुशी ब्यक्त गर्नुभयो । त्यसैगरी संस्थाको कर्जा सदुपयोगिता पनी राम्रो रहेको र संस्थागत सुशासन कायम राख्दै कर्जा रिकभरी राम्रो गर्ने कर्मचारीहरुलाई पुरस्कारको ब्यवस्था गर्न आग्रह गर्नुभयो । श्रम ऐन बमोजिम कर्मचारीहरुलाई सेवा सुविधा उपलब्ध गराउदै कर्मचारीहरुलाई समय समयमा तालिमको ब्यवस्था गर्न आग्रह गर्नुभयो । विगतमा फैलिएको कोभिड (कोरोना भाइरस) महाँमारी जस्ता प्रकोपहरु भविष्यमा पनि आउन सक्ने भएकोले त्यस्तो अवस्थामा संस्थालाइ जोगाइ राख्नको लागि संस्था संगप्रष्ट रणनिति भए नभएको बारे जिज्ञासा राख्नुभयो । अन्त्यमा, सभा हलमा माइक्रोफोन (साउण्ड सिष्टम) ब्यवस्थापन राम्रो नभएकोले आगामि दिनमा त्यस तर्फ समेत ध्यान दिन आग्रह गर्दै आगामि बार्षिक साधारण सभा दशैं अगाडिनै सम्पन्न गर्ने गरी तयारी गर्न आग्रह गर्नु भयो ।

२) **श्री सत्रुघन श्रेष्ठ:**

एघारौं बार्षिक साधारण सभा सम्म आँउदा बलियो संस्थाको रुपमा स्थापित भएको देख्दा खुशी लागेको छ । तर विभिन्न ब्यक्ति तथा समूहहरुबाट लघुवित्त संस्थाहरुको बारेमा विभिन्न भ्रम सृजना गरी संस्थाहरुको बदनाम गर्ने प्रयास भइरहेकोले त्यसतर्फ हामि सजग रहनु पर्छ भन्दै लघुवित्त संस्था भनेको "बुझ्नेलाइ श्रृखण्ड नबुझ्नेलाइ खुर्पाको बिड" भनेझै हो भन्दै लघुवित्त संस्थाहरु कुनै मिटर ब्याजि नभइ विपन्न बर्गलाई सहुलियत दरमा कर्जा प्रदान गर्ने संस्था भन्ने संदेश प्रवाह गर्न लघुवित्त संस्थाहरुले पनि कर्जा लगानि गर्दा देखि नै Follow up, Suppervision र Monitoring मा जोड दिन आग्रह गर्नुभयो ।

३) **श्री चन्द्रनारायण श्रेष्ठ:**

संस्थाको वित्तीय विवरण हेर्दा अधिकांश सूचकहरु राम्रो रहेको बताउदै यसको लागि संस्थालाई धन्यवाद ज्ञापन गर्नुभयो र आउँदा दिनमा संस्थाले अझै सहज र सरल तरिकाले आफ्ना ग्राहक सदस्यहरुलाइ प्रभावकारी सेवा दिन सकोस भन्दै शुभकामना ब्यक्त गर्नुभयो । अन्त्यमा, संस्थाले आगामि दिनमा Non Fund Based कारोवार तर्फ समेत लगानी गरोस भन्ने कामना गर्नुभयो ।

४) **श्री सुदिप श्रेष्ठ:**

अहिलेको विषम परिस्थितिमा पनि कम्पनीले १५ प्रतिशत लाभांश वितरण गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थाको सम्पूर्ण वित्तीय अवस्था राम्रो भएकोमा खुशी लागेको बताउनु भयो । अन्त्यमा, संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) शिर्षकमा गर्ने खर्चलाई थप ब्यवस्थित बनाउनको लागि अनुरोध गर्नुभयो ।

५) **श्री ब्रम्हदेव शाक्य :**

संस्थाको नाफा संगसंगै खराव कर्जा (NPL) पनि बढेको छ त्यसमा ध्यान दिन जरुरी रहेको बताउदै अहिले विभिन्न पक्षहरुबाट लघुवित्त संस्था विरोधी गतिविधिहरु भइरहेकोले त्यसतर्फ सजग रहन आग्रह गर्नुभयो । साथै, संस्थाले गरेको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) शिर्षकको काम ज्यादै सहानिय रहेको भन्दै आँउदा दिनमा समेत निरन्तरताको लागि अनुरोध गर्नुभयो ।

६) **श्री इन्द्र प्रसाद लामिछाने :**

सर्वप्रथम संस्थाले चालु आ.व.को दोस्रो त्रैमास भित्रै एघारौं बार्षिक साधारण सभा सम्पन्न गरेकोमा संस्थालाई धन्यबाद ज्ञापन गर्दै एघारौं बार्षिक साधारण सभाको सफताको शुभकामना ब्यक्त गर्नुभयो । त्यसैगरी, संस्थाले जारी गर्न लागेको FPO का बारेमा प्रष्ट पारिदिन अनुरोध गर्दै दोहोरो कर्जा वितरणको अवस्थाबारे जिज्ञासा राख्नुभयो । कर्जाको

सदुपयोगिता सुनिश्चित गर्नको लागि अनुगमन तथा निरीक्षण कार्यलाइ थप प्रभावकारी बनाउन आग्रह गर्नुभयो । अन्त्यमा, कर्मचारीहरुलाई समय समयमा तालिमहरुको ब्यवस्था गरि क्षमता अभिबृद्धि गर्न अनुरोध गर्दै शेयरधनीहरुले बोलेको कुराको अभिलेख (Record) हुने ब्यवस्था गर्न समेत अनुरोध गर्नुभयो ।

७) **श्री गोविन्द बहादुर के.सी.**

अहिलेको प्रतिकुल अवस्थामा पनि संस्थाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वितरण गरेकोमा हार्दिक धन्यबाद ज्ञापन गदै हाल देशका विभिन्न भागहरुमा विभिन्न ब्यक्ति तथा समूहका नाममा लघुवित्त संस्थाहरुका विरुद्धमा अराजक गतिविधी गरिदै कर्मचारीलाई डराउने तर्साउने कार्य भइरहेकोले त्यसतर्फ सचेत रहन आग्रह गर्नुभयो । हामिले सधैंभरी समस्या मात्र देखाएर हुदैन, समस्याको उचित समाधानको बाटो पनि पहिल्याउनु पर्छ भन्दै संस्थाको कर्जा असुलीलाई सुधार गर्दै खराव कर्जा (NPL) समेत घटाउन आग्रह गर्नुभयो । अन्त्यमा, संस्थाले ग्राहक सदस्यहरुको चाहना र आवश्यकता अनुसारको गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने भन्दै संस्थाले आगामि बर्षहरुमा समेत उचित प्रतिफल दिन सकोस भन्ने कामना गनुभयो ।

८) **श्री इन्द्र कृष्ण श्रेष्ठ :**

सर्वप्रथम एघारौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थालाई बधाई तथा शुभकामना प्रकट गर्नुभयो । संस्थाका सबै वित्तीय सूचकहरु राम्रो रहेको भन्दै यसलाई निरन्तर रुपमा कायम राख्न अनुरोध गर्नुभयो । अन्त्यमा, यस वित्तीय संस्थाका अधिकांश शेयरधनीहरु काठमाडौंमा बस्ने भएकोले सभामा सहभागि हुन आँउन जान समस्या हुने भएकोले संस्थाले यातायातको ब्यवस्था मिलाइदिन तथा बार्षिक साधारण सभा काठमाडौं र बनेपामा पालै पालो गर्नको लागि सुझाव पेश गर्नुभयो ।

९) **श्री उद्धव प्रसाद घिमिरे :**

संस्थाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वितरण गर्न लागेकोमा खुशी ब्यक्त गर्दै यसको लागि संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । त्यसैगरी, संस्थाले आफ्नो पुंजी संरचना मिलान गर्ने सन्दर्भमा FPO जारी गर्न लागेकोमा ज्यादै खुशी लागेको र उक्त कार्य छिटो भन्दा छिटो सम्पन्न होस भन्ने कामना गर्नुभयो । अन्त्यमा, एघारौं बार्षिक प्रतिवेदन छपाईको क्रममा प्रतिवेदनमा विषयसुची नराखिएको, आवश्यक मात्रामा ग्राफ, चार्ट तथा तालिकाहरु नराखिएकोले प्रतिवेदन अध्ययन गर्न अलि असहज भएको हुंदा आगामि दिनमा उक्त विषय सुधार गर्नको लागि अनुरोध गर्नुभयो ।

**१०) श्री निरुपमा गुप्ता :**

सर्वप्रथम एघारौं बार्षिक साधारण सभाको सफलताको शुभकामना ब्यक्त गर्दै एघारौं बार्षिक प्रतिवेदनमा विषयसुची किन नराखिएको भन्दै जिज्ञासा राख्नुभयो । मन्तब्यकै क्रममा संस्थाका अन्य सूचकहरु राम्रो रहेको भन्दै त्यसलाई निरन्तरता दिन अनुरोध गर्नुभयो ।

**११) श्री ध्रुवराज न्यौपाने :**

सर्वप्रथम एघारौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थालाई बधाई तथा शुभकामना ब्यक्त गर्दै संस्थाको संस्थागत सुशासन राम्रो रहेको, संस्था सूचना प्रविधि मैत्रि भएको, EPS बढेको, Networth राम्रो भएको आदि कारणहरुले गर्दा संस्थाले आगामि बर्षमा समेत राम्रो प्रतिफल दिने विश्वास रहेको बताउनु भयो । अघिल्लो बर्ष भन्दा यस बर्ष २२ वटा शाखाहरु बन्द भएको ब्यहोरा प्रतिवेदनको तथ्याङ्कले बताइरहेकाले सो को कारण बारे जानकारी गराइदिन आग्रह गर्नुभयो । त्यसैगरी, नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरुको लाभांश वितरणमा १५ प्रतिशतको सिमा निर्धारण गरेको तर्फ संकेत गर्दै, उक्त प्रावधान सवै लघुवित्त संस्थाहरुका लागि ब्यावहारिक नरहेको बताउनु भयो । त्यसैगरी संस्थाले कर्मचारीहरुको उत्पादकत्व सर्वेक्षण गरी सोहि अनुसार कर्मचारी ब्यवस्थापन गर्न आग्रह गर्दै संस्थाले FPO जारी गर्नु भन्दा राईट शेयर जारी गर्ने तर्फ विचार गर्न अनुरोध गर्नुभयो ।

**१२) श्री प्रकाश भुसाल :**

संस्थाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वितरण गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै, सभाध्यक्षज्यूले बार्षिक प्रतिवेदनको पूर्णपाठ किन नसुनाउनु भएको भन्दै प्रश्न गर्नुभयो । त्यसैगरी, ऋणी संख्या घटेको, निष्कृय कर्जा बढेको तथा खुद मुनाफा घटेको विषयमा समेत जिज्ञासा राख्नुभयो । त्यसैगरी, संस्थाको दशौं बार्षिक साधारण सभाबाट पारित प्रस्तावहरु पुन: किन राखिएको भन्ने सन्दर्भमा समेत जिज्ञासा राख्नुभयो ।

**१३) श्री संगिता लामा :**

सर्वप्रथम एघारौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थालाई बधाई तथा शुभकामना ब्यक्त गर्दै वित्तीय संस्थाले १५ प्रतिशत लाभाश वितरण गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । त्यसैगरी संस्थाले लाभांश वितरण गर्दा बोनश शेयर नभइ नगद लाभांश वितरण गरेको भए अझै राम्रो हुनेथियो र दशौं बार्षिक साधारण सभाबाट पारित FPO जारी गर्ने सम्बन्धी कार्य किन ढिला भएको भनी जिज्ञासा राख्नुभयो ।

**१२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष श्री केशवप्रसाद

आचार्यज्यू र वहाँको आज्ञाले सञ्चालक श्री रविन सिजापती, सञ्चालक श्री नरेन्द्र प्रसाद छत्कुलीज्यू तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमश: जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च सम्मानका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्तावहरु उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमश: प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. यस वित्तीय संस्थाको आ.व.२०८१/८२ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम कम्पनीको लेखापरीक्षण गर्न एउटै लेखापरीक्षक बढीमा तीन पटक सम्म नियुक्त गर्न सकिने प्रावधान अनुसार आ.व.२०८१/८२ को लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको आन्तरिक लेखापरीक्षण समितिको सिफारिसका आधारमा हालका लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चाटर्ड एकाउन्टेण्टस्लाई Statutory Audit, Tax Audit, Long form Audit, Certification under Section 78 प्रमाणित वापतको मुल्य अभिबृद्धि कर सहितको एकमुष्ट रु.१०,००,०००। (अक्षरेपी: दश लाख मात्र) पारिश्रमिक दिनुको साथै लेखापरीक्षणको क्रममा शाखा कार्यालयहरु तथा केन्द्रीय कार्यालय आँउदा जाँदा लाग्ने यातायात, खाने तथा बस्ने खर्च बास्तविक बिलको आधारमा भुक्तानी गर्ने गरी बाह्य लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५/९९ (अक्षरेपि एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.८७,४१,४१२/६४ (अक्षरेपि सतासी लाख एकचालीस हजार चार सय बाह्र पैसा चौसट्ठी मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

१. आ.व.२०८०/८१ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपि एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को १४.२५(चौध दशमलव दुइ पाँच) प्रतिशतले हुन आउने रु.१६,६०,८६,८४०।२५(अक्षरेपि सोह्र करोड साठी लाख छ्यासी हजार आठ सय चालीस पैसा पच्चिस मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस पैसा चौबिस मात्र) पुर्‍याउने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमश ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अघि दशौं बार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल सो (FPO) स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८०/८१ को वोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुंजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात मिलान गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको ७,६५,३७७.६४ (सात लाख पैसट्टी हजार तीन सय सतहत्तर दशमलव छ चार) कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायहरुबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो

३. प्रवन्धपत्रको दफा २(१), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ र नियम ३२ (१)(ख) मा आवश्यक संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको दफा तथा

नियमहरुमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) **विविध ।**

विविध प्रस्ताव अन्तर्गत छलफलका लागि कुनै पनि प्रस्ताव नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

**विषेश प्रस्तावसंग सम्बन्धित प्रवन्धपत्रमा संशोधन गर्न प्रस्तावित दफाको विवरण**

| प्रवन्धपत्रको सम्बन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा २ (१) | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० मा रहने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काठमाडौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा रहने छ । | एकीकृत निर्देशन नं.१७/२०७९ को ४ (ङ) (८) मा भएको व्यवस्था अनुरुपका मापदण्डहरु पुरा भइसकेकोले संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौ उपत्यका भित्र स्थानान्तरण गर्न मनासिव देखिएको । |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पुंजी रु.१,२३,२५,११,७१२।८० (अक्षरेपी एक अर्ब तेईस करोड पच्चीस लाख एघार हजार सात सय बाह्र पैसा आठ शुन्य मात्र) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,२३,२५,११७.१२८ (एक करोड तेइस लाख पच्चीस हजार एक सय सत्र दशमलव एक दुई आठ ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रु.१,४०,८१,४६,२८९।८९ (अक्षरेपी एक अर्ब चालीस करोड एकासी लाख छ्यालीस हजार दुई सय उन्नानब्ये पैसा अठासी मात्र ) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,४०,८१,४६२।९० (एक करोड चालीस लाख एकासी हजार चार सय बैसठ्ठी दशमलव उन्नानब्ये ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को परिच्छेद ३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई शेयर जारी गरी चुक्ता पुंजीको ३० प्रतिशत सर्वसाधारण शेयर कायम गर्नुपर्ने भएकोले । |
| दफा ६ | वित्तीय संस्थाको चुक्ता पुंजी | वित्तीय संस्थाको चुक्ता पुंजी | हालको चुक्ता पुंजीमा १४.२५ |

| | | | |
|---|---|---|---|
| (ग) | रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपी एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काइस हजार छ सय पचासी पैसा उनान्सय मात्र) हुनेछ । | रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपी एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस पैसा चौबीस मात्र ) हुनेछ । | प्रतिशतको दरले बोशन शेयर वितरण गर्दा पुंजी संरचनामा परिवर्तत हुने भएकोले सोहि बमोजिम चुक्ता पुंजी बृद्धि गर्न आवश्यक भएको । |

## नियमावलीमा संशोधनको प्रस्ताव

| विशेष प्रस्तावसंग सम्वन्धित नियमावलीमा संशोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
| २ | यस वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काठमाडौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | एकीकृत निर्देशन नं.१७/२०७९ को ४ (ङ) (८) मा भएको व्यवस्था अनुरुपका मापदण्डहरु पुरा भइसकेकोले संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौ उपत्यका भित्र स्थानान्तरण गर्न मनासिव देखिएको । |
| ३२ (१) (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ८,५००। र रु. ८,०००। हुनेछ । साथै, अध्यक्ष र अन्य सञ्चालकको पत्रपत्रिका र संचार खर्च बापत मासिक रु.३०००। हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ८,५००। र रु. ८,०००। हुनेछ । साथै, अध्यक्ष र अन्य सञ्चालकको पत्रपत्रिका र संचार खर्च बापत मासिक रु ५,०००। हुनेछ । | बजार महंगिको अनुपातमा साविकको मासिक संचार खर्च अपुग हुने भएकोले उक्त रकम बृद्धि गर्न आवश्यक भएको । |

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस एघारौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, शेयर रजिष्टार, संस्थाका शेयरधनी तथा सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

ततपश्चात् सभाध्यक्षज्यूले दिउसो २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०८१/०८/२४

केशवप्रसाद आचार्य
सभाध्यक्ष
मिति २०८१/०८/२४